**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ११ जनवरी २०२६**
**समयः १८:५० – १९:०० बजे**

**मुख्य समाचार**

- प्रधानमंत्री मोदीले नागरिकहरु सित एकजुट रहने अनि देशलाई विभाजित गर्न सडयन्त्र रचने सबै शक्तिहरुलाई पराजित गर्ने आह्वान गर्नुभएको छ।
- पश्चिम बंगाल विधानसभा विपक्षी नेता तथा नन्दीग्रामका विधायक शुभेन्दु अधिकारीको लश्करमाथि हिज राती भएको हमलापछि भारतीय जनता पार्टी (भाजपा) ले कडा प्रतिक्रिया जनाएको छ।
- देशका पूर्व प्रधानमन्त्री लाल बहादुर शास्त्रीको पुण्यतिथिमा पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जीले उहाँलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो ।
- दार्जीलिङका सांसद राजु विष्टले ए निर्वोचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षणए एस.आई.आर अविध सत्यापनको निम्ति चिया बगान अनि सिन्कोना बगान रिकर्डको उपयोगलाई स्वीकृति दिएको बताउनुभएको छ।
- प्रथम गोर्खे इण्डियन आइडल प्रशान्त तामाङको ४३ वर्षको उमेरमा आज बिहान दिल्लीमा हृदयघातको कारण असामयिक निधन भएको छ।
- लगभग पाँच वर्षको लामो प्रतीक्षा पछि पीपीपी (पब्लिक–प्राइभेट पार्टनरशिप) मोडलमा टोय ट्रेन जंगल सफारी फेरि एकपटक आजदेखि शुरू भएको छ।

**प्रधानमंत्री -सोमनाथ स्वाभिमान पर्व**

प्रधानमंत्री नरेन्द्र मोदीले आज बिहान गिर सोमनाथ जिल्लाको तटीय शहर प्रभास पाटनमा ऐतिहासिक सोमनाथ स्वाभिमान पर्वमा भाग लिनुभयो। यस अवसरमा श्री मोदीले भव्य शौर्य यात्राको नेतृत्व गर्नुभयो। यो आयोजन १०२६ ईस्वीमा महमूद गजनीद्वारा सोमनाथ मंदिरमा गरिएको पहिलो हमलाको एक हजार वर्ष पुरा भएको उपलक्ष्यमा आयोजित गरिएको थियो। धेरै सतब्दिदेखि सोमनाथ मंदिरको रक्षा गर्ने अनगिनत योद्धाहरुलाई श्रद्धांजलि अर्पित गर्नको लागि १०८ घोडाहरुको औपचारिक शोभायात्राको आयोजन गरियो। देशभरिबाट आएका हजारों श्रद्धालुहरुले यस शोभायात्रामा भाग लिए। यस अवसरमा जनसभालाई संबोधित गर्दै प्रधानमंत्री मोदीले नागरिकहरु सित एकजुट रहने अनि देशलाई विभाजित गर्न सडयन्त्र रचने सबै शक्तिहरुलाई पराजित गर्ने आह्वान गर्नुभएको छ। उहाले देशवासीहरु सित आफ्नो अतीतको गहराईसित जोडिएर विकसित भारतको उद्देश्यको लागि काधमा काँध मिलाएर अघि बढ़ने आग्रह गर्नुभएको छ। स्वाभिमान पर्वलाई शाश्वत आस्था अनि भक्तिको जीवंत प्रतिबिंब बताउनु हुँदै प्रधानमंत्रीले भन्नुभयो यो पर्व केवल ऐतिहासिक गौरवको उत्सव होइन तर सोमनाथ मंदिरको शाश्वत यात्रालाई आगामी पीढ़िहरुको लागि जीवित राख्ने एक महत्वपूर्ण अवसर पनि हो।

**शुभेन्दु अधिकारी - लश्करमाथि हमला**

पश्चिम बंगाल विधानसभा विपक्षी नेता तथा नन्दीग्रामका विधायक शुभेन्दु अधिकारीको लश्करमाथि हिज राती भएको हमलापछि भारतीय जनता पार्टी (भाजपा) ले कडा प्रतिक्रिया जनाएको छ। भाजपाले यस घटनाको जिम्मेवारी सत्तारूढ़ तृणमूल कांग्रेसमाथि थोपेको छ र पुलिसको भूमिकामाथि पनि गम्भीर प्रश्न उठाएको छ। हिज साँझ शुभेन्दु अधिकारी पुरुलियामा आयोजना गरिएको पूर्वनिर्धारित जनसभालाई सम्बोधन गरेर फर्किरहेको समय लगभग 8 बजेर 20 मिनेट जाँदा उहाको लश्कर चन्द्रकोणा रोड बजार क्षेत्रको चोक नजिक पुग्दा कथित रूपमा तृणमूल कांग्रेस समर्थकहरूको एक समूहले बाटो रोकेको बताइएको छ। यससम्बन्धी सार्वजनिक भएको एक भिडियोमा शुभेन्दु अधिकारीले एक समुदायका आक्रमणकारीहरूले लट्ठी, डण्डा र फलामको रड प्रयोग गरी लश्करको सवारीसाधन माथि हमला गरेको दावी गरेका छन्। उहाले यस क्रममा पुलिस मूकदर्शक बनेको आरोप पनि लगाउनुभएको छ। केन्द्रिय सुरक्षा बलले समयमै हस्तक्षेप नगरेको भए अवस्था झन गम्भीर हुन सक्थ्यो भनि उहाले अझ

बताउनुभएको छ। घटनाको विरोधमा विपक्षी नेता चन्द्रकोणा रोड पुलिस चौकी पुगेर त्येही धरनामा बसे। उहाले दोषीहरूमाथि एफआईआर दर्ता गरी उनीहरूको पक्राउ नभएसम्म पुलिस चौकी नछाड्ने अडान व्यक्त गरेका छन्। केन्द्रिय शिक्षा राज्यमन्त्री तथा पश्चिम बंगाल भाजपा अध्यक्ष डा. सुकान्त मजूमदारले सामाजिक सञ्जाल एक्समा पोस्ट गर्दै यो हमला पूर्व नियोजित र राज्य प्रायोजित भएको आरोप लगाएका छन्। तृणमूल कांग्रेसले भने यी आरोपहरू अस्वीकार गरेको छ। पार्टीले यो घटना जनआक्रोशको परिणाम भएको दाबी गरेको छ। घटनाबारे पुलिसले अनुसन्धान भइरहेको जनाउँदै उपलब्ध प्रमाणका आधारमा आगामी कार्यवाही गरिने बताईएको छ।

## लाल बहादुर शास्त्री- पुण्यतिथि

देशका पूर्व प्रधानमन्त्री लाल बहादुर शास्त्रीको पुण्यतिथिमा पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जीले उहाँलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुभयो। आज मुख्य मन्त्रिले सोशल मीडिया एक्समा एउटा पोस्ट साझा गर्दै शास्त्रीजीको योगदानलाई स्मरण गर्नुभयो। मुख्यमन्त्रीले आफ्नो सन्देशमा भारतका पूर्व प्रधानमन्त्री लाल बहादुर शास्त्रीलाई उहाको पुण्यतिथिमा मेरो भावपूर्ण श्रद्धाञ्जली भनेर लेख्नुभएको छ। उल्लेखनीय छ, लाल बहादुर शास्त्री भारतका दोस्रो प्रधानमन्त्री हुनुहुन्थ्यो भने उहाँलाई देशले जय जवान, जय किसानको नारा दिनुभएकोमा चिनिने गरिन्छ। उहाको सरलता एइमानदारी तथा राष्ट्रभक्ति आज पनि देशवासीहरूको लागि प्रेरणाको श्रोत बनेको छ।

## बीजेपी-टीएमसी

भारतीय जनता पार्टीले कलकतमा राजनीतिक सल्लाहकार कम्पनी आई-पैक-को कार्यालयमा प्रवर्तन निदेशालय, ईडी-को छापाको अवधि कथितरूपमा हस्तक्षेपलाई लिएर तृणमूल कंग्रेस प्रमुख अनि पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीको आलोचलना गरेको छ। नया दिल्लीमा मीडियालाई सम्बोधित गर्नुहुदै भाजपाको वरिष्ठ नेता रविशंकर प्रसादले आई-प्याक कार्यालय जाने मुख्यमन्त्रीको निर्णयमाथि प्रश्न उठाउनुहुदै भन्नुभयो, यो न त तृणमूल कंग्रेसको कार्यालय हो न पार्टीको कुनै नेताको घर। श्री प्रसादले यो पनि आरोप लगााउनु भयो, पश्चिम बंगाल विधानसभामा विपक्षको नेता शुभेन्दु अधिकारीको लश्करमाथि हिज पुलिसको उपस्थितिमा हमला गरियो। भाजपा नेताले यो पनि आरोप लगाउनु भयो, पश्चिम बंगालको सबै पुलिस प्रणाली मुख्यमन्त्रीको हाथमा एउटा उपकरण बनेको छ अनि राज्यमा कानून प्रवर्तन प्रणालीको दुरूपयोग असंवैधानिक अनि अलोकतान्त्रिक गतिविधिहरूमा गरिन्दैछ।

## राजु विष्ट

दार्जीलिङका सांसद राजु विष्टले निर्वोचन आयोगले पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन पुनरीक्षण, एस.आई.आर अविध सत्यापनको निम्ति चिया कमान अनि सिन्कोना कमान रिकर्डको उपयोगलाई स्वीकृति दिएको बताउनुभएको छ। सोशियल मीडियाको एउटा पोस्टमा श्री बिष्टले भन्नुभयो, चिया कमानहरू अनि सिन्कोना कमानहरूमा रोजगार रिकेर्ड अब भविष्यमा आधिकारिक उपयोगहरूको निम्ति पनि एउटा महत्वपूर्ण कागज बन्नेछ। उहाले भन्नुभयोए गत बर्ष अक्टुबर महिनामा उहाले चुनाव आयुक्त ज्ञानेश कुमारलाई पत्र लेखेर - रिकर्डहरूलाई एस.आई.आर सत्यापनको निम्ति वैध कागजको रूपमा स्वीकार गर्न पर्ने अनुरोध गर्नुभएको थियो। श्री विष्टले भन्नुभयो, अभ्यावेदनमा उहाले प्रकाश पार्नुभएको थियो कि उत्तरी बंगालको दार्जीलिङए कालेबुङए जलपाइगढ़ीए अलिपरुद्वारए कुच बिहार अनि उत्तर एवं दक्षिण दिनाजपुर ठूलो चिया बगानहरू अनि वनहरूमा बसोबास गर्ने समुदायहरूको घर हो। उहाले यस निर्णयको निम्ति चुनाव आयोगलाई आभार व्यक्त गर्नुहुदै भन्नुभएको छए यसबाट हजारौं नागरिकहरूलाई फाइया पुग्नेछ जो लामो समयदेखि बुनियादी कागज अनि चुनावी समावेशनबाट वंचित गरिएको छ। उहाले अझ भन्नुभयो, राज्य विधानसभामा विपक्षको नेता सुवेन्दु अधिकारीले पनि चिया बगानहरू अनि सिन्कोना बगान श्रमिकहरूको कल्याणलाई सुनिश्चित गर्ने मागको मुद्दालाई उठाएको थियो।

मतदाता विशेष गहन संसोधन एसआईआरमा चियाबारी क्षेत्रमा रहेका मतदाताहरुका लागि चुनाव आयोगले चियाबारीको रेकर्डलाई मान्यता दिएकोमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको श्रमिक संगठन हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन खरसाङ महकुमा समितिको तर्फबाट चुनाव आयोग र सरकारलाई धन्यवाद दिएको छ।

**प्रशान्त तामाङको निधन**

२४ वर्षको कलिलो उमेरमा नै नाम अनि यश कमाएका प्रथम गोर्खे इण्डियन आइडल प्रशान्त तामाङको ४३ वर्षको उमेरमा आज बिहान दिल्लीमा हृदयघातको कारण असामयिक निधन भएको छ। सोनी टीभी च्यानलद्वारा आयोजना गरिएको २००७ को इण्डियन आइडल तेस्रो चरणमा उनी सम्पूर्ण गायन प्रतियोगीहरूलाई उछिनेर इण्डियन आइडल बनेका थिए। प्रशान्त तामाङलाई इण्डियन आइडल बनाउन देश-विदेशका गोर्खा समुदाय एक भएका थिए। देश-विदेशका गोर्खा संगीतप्रेमी तथा गोर्खाली समुदायले उनलाई इण्डियन आइडल बनाउन व्यापक भोट गरेका थिए। त्यस समय दार्जीलिङ पहाड़को माहौल नै प्रशान्तमय बनेको थियो। त्येस पछि दार्जीलिङ पहाड़मा राजनीतिक परिवर्तनसम्म पनि भएको सर्वविदितै छ। उनले नेपालमा धैरैवटा चलचित्रहरूमा पनि अभिनय गरेका थिए भने हालै उनले पाताल लोक वेब सिरिजमा पनि अभिनय गरिरहेका थिए भन्ने जानकारी पाइएको छ। गत ८ जनवरीको दिन मात्रै प्रशान्त अरूणाचल प्रदेशबाट दिल्ली आफ्नो घर फर्किएका थिए। उनको अन्तिम संस्कार दार्जीलिङमा गरिने भएको परिवारपक्षले जानकारी दिएका छन्। जीटीएका मुख्य कार्यपाल श्री अनित थापा, सांसद राजु विष्टले शोक व्यक्त गर्नुभएको छ।

**टोय ट्रेन जंगल सफारी**

लगभग पाँच वर्षको लामो प्रतीक्षा पछि पीपीपी (पब्लिक–प्राइभेट पार्टनरशिप) मोडलमा टोय ट्रेन जंगल सफारी फेरि एकपटक आजदेखि शुरू भएको छ। दार्जीलिङ हिमालयन रेलवे (डीएचआर)- को यस पहलबाट पर्यटकहरूमा खुशी छाएको छ।

*रेलवे सूत्र अनुसार यो विशेष जंगल सफारी मुख्य रूपमा सप्ताहको शनिवार र आइतवार संचालन हुनेछ। यो सफारी सिलगढ़ी जंक्शनदेखि घैयाबारीसम्म पुग्नेछ। यात्रा अवधि पर्यटकहरूले ऐतिहासिक टोय ट्रेनको रोमाञ्चक सवारीसँगसँगै चिया बगानहरूको सुन्दर हरियाली, पहाड़ी प्राकृतिक दृश्य तथा स्थानीय संस्कृतिको आनन्द लिन सक्नेछन्। यस जंगल सफारीको उद्देश्य पहाड़ ए प्रकृति अनि लोक संस्कृतिको अनौठो अनुभव पर्यटकहरूसम्म पुऱ्याउनु हो। निजी कम्पनी संचालक सञ्जय गोस्वामीले बताए अनुसार यात्रा शुरू हुनसाथ पर्यटकहरूको लागि खाजाको व्यवस्था रहनेछ। घैयाबारी पुगेपछि विशेष पिकनिकको आयोजन गरिनेछ। यसको साथै दार्जीलिङको प्रसिद्ध पारम्परिक व्यञ्जन मोमोको स्वाद पनि पर्यटकहरूले चाख्न पाउनेछन्। डीएचआरका निदेशक ऋषभ चौधुरीले भन्नुभयो, वर्तमान पर्यटन सीजनमा जंगल सफारी मात्र नभएर पर्यटकहरूलाई आकर्षित गर्नको लागि नयाँ सफारी सेवा पनि शुरू गर्ने योजना छ। यस अतिरिक्त १५ वटा नयाँ टोय ट्रेनको इञ्जनलाई सामेल गरिनेछ। यात्रीहरूको सुरक्षा अनि सेवाको गुणस्तरलाई सर्वोच्च प्राथमिकता दिइने उहाले अझ बताउनुभयो।*

**शताब्दी हाट**

मिरिक बजारको पुरानो गरिमा फर्काई ल्याउने उदेश्य राखेर आज देखि आइतबारे शताब्दी हाटको शुभारम्भ गरियो। हाटको उद्घाटन मिरिक महकुमा अधिकारी तेन्जिन सेमकी ओगेन अनि मिरिक नगरपालिका अध्यक्ष एलबी राईले संयुक्तरुपमा गर्नुभयो। स्मरण गराइन्छ, यस प्रकारको हाट एक सय बर्ष अघि ब्रिटिसकालमा पनि मिरिक बजारमा लाग्ने गर्थे। मिरिक ब्यवसायी वेलफेयर संगठनद्वारा प्रत्येक आइतबार लाग्ने हाटको आज पहिलो दिन मिरिक क्षेत्रका ब्यवसायीहरुले विभिन्न पसलहरु राखेका थिए।

**डा. राकेश वर्मा**

हृदय रोग संस्थानका निदेशक डा. राकेश वर्माले दिएका जानकारी अनुसार हार्ट अट्याक अर्थात हृदयाघात भइहाले रोगीहरूले डराउनको सट्टा तुरून्तै दुईवटा डिस्प्रिन ट्याबलेट चबाएर खानाले अट्याकबाट हुने खतरालाई ४० प्रतिशतसम्म रोक्न सकिन्छ। अर्थात लगभग ३० पैसामा पाइने यो ट्याबलेट रोगीको लागि कुनै सञ्जीवनीभन्दा कम छैन। अट्याक आएपछि शुरूआती चार घण्टा अत्यन्त महत्वपूर्ण हुन्छ जसलाई डाक्टरको भाषामा गोल्डन आवर भनिन्छ तर प्रायजसो मानिसहरूले यस्तो स्थितिमा यसलाई शरीरमा ग्यासको समस्या ठानेर बेवास्ता गर्दछन् जसको परिणामस्वरूप उनीहरूले आफ्नो ज्यान गुमाउनुपर्छ। डा. वर्माले बताए अनुसार वर्तमान खानपान तथा व्यस्ततापूर्ण जिन्दगीमा आफ्नो खयाल नराख्नु, विशेषतः शीतलहरको बेलमा त्यसलाई अदेखा गर्नु हार्ट अट्याकको कारण बन्दछ किनभने मानिसको शरीरमा रगत जम्न थालेपछि त्यसले हार्ट अट्याकको रूप लिन्छ। तर यो एउटा ठूलो विडम्बना नै भएको छ कि मानिसहरूले प्रारम्भमा यसलाई अन्य नै ठान्छन् अनि समय नष्ट पार्छन् जसले गर्दा उनीहरूलाई कहिले-काहीँ आफ्नो ज्यानै गुमाउनुपर्छ। हृदयाघात भएपछि यसको पहिचान वा शुरुआती लक्षण जस्तै- छात्तीमा असहनीय पीड़ा, देब्रे हात वा गिजामा पीड़ा, कुनै पनि मौसममा अचानक पसिना आउनु तथा श्वास-प्रश्वासमा समस्या हुनु

अर्थात यो गोल्डन आवरको शुरूआती चरण हो। यस्तो स्थितिमा रोगीले तत्कालै दुईवटा डिस्प्रिन ट्याबलेट राम्ररी चबाएर खानुपर्छ। चबाएर खानाले यो चाँड़ै रगतमा घोलिन्छ अनि रगत जम्ने प्रक्रियालाई मन्द बनाइदिन्छ जसबाट रोगीलाई अस्पतालसम्म पुग्नको लागि आवश्यक समय प्राप्त हुनेछ।

**क्लीन ग्रीन ड्राइव अभियान**

सिलगडी मेट्रोपॉलिटन ट्रैफिक विभागले यातायात व्यवस्था सितै पर्यावरण संरक्षणको दिशा तर्फ पनि कार्य गरिरहेको छ। डीसीपी काजी शम्सुद्दीन अहमदको नेतृत्वमा आज सालबाड़ी ज्ञान ज्योति मोड़मा क्लीन ग्रीन ड्राइव अभियान चलाईयो। प्राप्त जानकारी अनुसार ट्रैफिक पुलिस, कॉलेजका छात्र-छात्राहरु अनि स्वैच्छिक संगठनहरुले मिलेर राष्ट्रीय राजमार्ग-५५ अनि टॉय ट्रेन रेलवे लाइनको छेउ-छाउमा सफाई कार्य गरे। डीसीपी काजी शम्सुद्दीन अहमदले आम मानिसहरु अनि व्यापारिहरु सित साफ-सफाई बनाई राख्ने अपील गर्नको साथै फोहोर-मैला फैलाएको खण्डमा कार्रवाही गरिने चेताउनी पनि दिएका छन् ।

****** ० ******